

# १ जीवनका लयहरू

***यस अध्यायका मूल पदहरू:*** उत्पत्ति १, उत्पत्ति ८:२२, भजन ९०:१०, अय्यूब १:१३-१९, प्रेरित ९:१-२२, फिलिप्पिनहरूलाई १:६ र रोमी ८:१।

***यस अध्यायको मूल सार पद:*** **"१ सबै कुराका लागि उचित समय छ, र आकाशमुनि प्रत्येक कार्यकलापको उद्देश्य छ" (उपदेशक ३:१ रूपान्तरित)।**

इस्राएलको इतिहासमा प्रथम् राजा साऊल थिए भने दोस्रोमा दाउद थिए। त्यसपछि राजा दाउदका पुत्र सोलोमन राजा भए। उनी तत्कालीन संसारको बुद्धिमानी व्यक्ति भनेर प्रख्यात थिए। उनले धेरै अर्ती र कविताहरूमार्फत उनमा भएका बुद्धि तथा ज्ञानहरू व्यक्त गरेका थिए। ती अर्ती र कविताहरू युगौंयुगदेखि समसामयिक भएर हामीहरूको माझमा छन्।उनले कविता वा साहित्यिक कलामार्फत व्यक्त गरेका भावनाहरू अत्यन्त सुन्दर, मार्मिक र समसामयिक छन्। तिनीहरूमा उपदेशक ८:१-८ लोकप्रिय छन् "**१ सबै कुराका लागि उचित समय छ, र आकाशमुनि प्रत्येक कार्यकलापको उद्देश्य छ** २ जन्मने एउटा समय छ, र मर्ने एउटा समय। रोप्ने एउटा समय छ, र उखेल्ने एउटा समय।३ मार्ने एउटा समय छ, र निको पार्ने एउटा समय। भत्काउने एउटा समय छ, र बनाउने एउटा समय।४ रुने एउटा समय छ, र हाँस्ने एउटा समय।शोक गर्ने एउटा समय छ, र नाच्ने एउटा समय।५ ढुङ्गा छर्ने एउटा समय छ, र ती बटुल्ने एउटा समय। अँगाल्ने एउटा समय छ, र अँगाल्नबाट टाढा रहने एउटा समय। ६ फाइदा उठाउने एउटा समय छ, र गुमाउने एउटा समय। राख्ने एउटा समय छ, र फाल्ने एउटा समय। ७ च्यात्ने एउटा समय छ, र मरम्मत गर्ने एउटा समय।चूप लाग्ने एउटा समय छ, र बोल्ने एउटा समय। ८ प्रेम गर्ने एउटा

समय छ, र घृणा गर्ने एउटा समय। युद्ध गर्ने एउटा समय छ, र मेलमिलापे गर्न वा शान्त हुने गर्ने एउटा समय।"

माथिका शब्दहरूले मानव प्राणीको अस्तित्वलाई अत्यन्त प्रचलित धारणामा व्यक्त गरेको छ। तिनीहरूको निचोड यही होः सबै कुराको उचित समय छ र हामीहरू जीवनका लय वा तरङ्गहरूसँग पौडी खेलिरहेका छौं। हो, हामीहरू जन्मिनेबित्तिक्कै विभिन्न चरणहरू र परिवर्तनद्वारा अघि बढ्दछौं। कहिलेकाहीँ हामीहरूको परिवर्तन हामीहरूकै भलाईको निम्ति हुन्छ भने कहिलेकाहीँ हामीहरूकै हित बिरुद्धमा हुन्छ। कहिलेकाहीँ हामीहरूको जीवनको परिस्थितिलाई हामीहरूले नियन्त्रणमा राख्न सक्छौं भने कहिलेकाहीँ लाचारभएर त्यस परिस्थितिको नियन्त्रणमा हामी पर्दछौं। हामीहरूको जीवनमा प्रभाव पार्ने उचित समय, लय र तरङ्गहरूको बारेमा हामी यस अध्यायमा नियाल्नेछौं।

## १. आदि वा सुरुमा

बाइबलको सुरूको पुस्तक नै "आदिमा वा सुरुमा" भनेर उल्लेख गर्दै थालिएको छ। अङ्ग्रेजीमा तिन शब्दहरू छन् "“In the beginning...” इन द बिगिनिङ्ग" (उत्पत्ति १:१) तर हिब्रूभाषामा र (नेपाली भाषामा) केवल एउटै शब्दमात्र छ, त्यो हो "आदिमा वा सुरुमा।" उत्पत्ति १ अध्यायको विशेष केन्द्रबिन्दुचाहिँ आकारहीन र लथालिङ्ग अवस्थामा भएको यस पृथ्वीलाई आमूलरूपमा परिवर्तन गरि सृष्टिका सम्पूर्ण अस्तित्वहरूलाई उचितरुपमा रहन परमेश्वरले सृजना गर्नुभएको थियो। छैटौं दिनमा जब आफ्ना सृष्टिका सम्पूर्ण कामहरू सम्पन्न गर्नुभयो तब त्यसप्रति अत्यन्त संतुष्ट व्यक्त गर्दै यो उच्चारण गर्नुभएको थियो "(आहा) कति धेरै राम्रो वा सुन्दर!" (उत्पत्ति १:३१ रूपान्तरित)। संक्षिप्तमा भन्ने हो भने यहाँ उल्लेख गरिएको सुरु नै हाम्रो संसारको सुरु थियो।

**उत्पत्ति १ अध्याय पढेर देहायका जिज्ञासाहरूको चिन्तन गर्नुहोस्ः यस संसारको उत्पत्तिको बारेमा इसाई सम्प्रदायहरूमा प्राय केवल एडभेन्टिस्टहरूलेमात्र वकालत गरिरहेकाछन् कि यो पृथ्वी जथाभावी, अचानक र अनियोजित तरिकाले झ्वाट्ट सृष्टि भएको होइन। तर परमेश्वरले सुनियोजित र उद्देश्यलाई ध्यानमा राखेर सृष्टि गर्नुभएको हो। प्रत्येक थोक उचित समय र स्थानको निम्ति सुव्यवस्थित र क्रमवद्ध तरिकाले यस पृथ्वी सृष्टिगरिएको हो। उपर्युक्त कुराहरूलाई सोच्दा तपाईंले परमेश्वरको चरित्रको बारेमा के ठान्न**

पुग्नुभएको छ? हेर्नुहोस् उत्पत्ति १: "१ आदिमा परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुभयो। २ पृथ्वी आकारविनाको र शून्य थियो। अथाह समुद्रमाथि अन्धकार थियो, र परमेश्वरका आत्मा पानीमाथि परिभ्रमण गर्दैरहनुहुन्थ्यो। ३ अनि परमेश्वरले भन्नुभयो, “उज्यालो होस्।” तब उज्यालो भयो। ४ अनि परमेश्वरले उज्यालोलाई हेर्नुभयो, त्यो असल थियो। उहाँले उज्यालो र अँध्यारोलाई अलग-अलग गर्नुभयो। ५ परमेश्वरले उज्यालोलाई “दिन” र अँध्यारोलाई “रात” भन्नुभयो। साँझ पऱ्यो र बिहान भयो - पहिलो दिन। ६ अनि परमेश्वरले भन्नुभयो, “पानीका बीचमा एक क्षेत्र होस्, र त्यसले पानीलाई दुई भाग गरोस्।” ७ परमेश्वरले सो बनाएर क्षेत्रमुनिको र माथिको पानीलाई अलग-अलग गर्नुभयो। तब त्यस्तै भइहाल्यो। ८ परमेश्वरले यस अन्तरिक्षलाई आकाश भन्नुभयो। साँझ पऱ्यो र बिहान भयो- दोस्रो दिन। ९ अनि परमेश्वरले भन्नुभयो, “आकाशमुनि भएको पानी एक ठाउँमा जम्मा होस् र ओबानो भूमि देखा परोस्।” तब त्यस्तै भइहाल्यो। १० परमेश्वरले ओबानो भूमिलाई “पृथ्वी” भन्नुभयो, र जम्मा भएको पानीलाई “समुद्र” भन्नुभयो। अनि परमेश्वरले हेर्नुभयो, त्यो असल थियो। ११ तब परमेश्वरले भन्नुभयो, “भूमिले वनस्पति, बीउ हुने बोट-बिरुवाहरू र आफ्नो-आफ्नो किसिमको बीउ हुने फल फल्ने वृक्षहरू पृथ्वीमा उमारोस्।” तब त्यस्तै भइहाल्यो। १२ भूमिले वनस्पति, बीउ हुने बोटहरू र आफ्नो-आफ्नो किसिमको बीउ हुने फल फल्ने वृक्षहरू उमाऱ्यो। अनि परमेश्वरले हेर्नुभयो, त्यो असल थियो। १३ साँझ पऱ्यो र बिहान भयो- तेस्रो दिन। १४ अनि परमेश्वरले भन्नुभयो, “अन्तरिक्षमा दिन र रात छुट्ट्याउनलाई ज्योतिहरू होऊन्। तिनीहरू ऋतुहरू, दिनहरू र वर्षहरू छुट्ट्याउन चिन्हको रूपमा काम गरून्। १५ र पृथ्वीमा प्रकाश दिनलाई अन्तरिक्षमा ती ज्योतिहरू होऊन्।” तब त्यस्तै भइहाल्यो। १६ अनि परमेश्वरले दुई विशाल ज्योतिहरू बनाउनुभयो– ठूलो ज्योति दिनमाथि प्रभुत्व गर्न, र सानो ज्योति रातमाथि प्रभुत्व गर्न। उहाँले ताराहरू पनि बनाउनुभयो। १७ अनि परमेश्वरले पृथ्वीमा प्रकाश दिनलाई, १८ दिन र रातमाथि प्रभुत्व गर्न अनि उज्यालो र अँध्यारोलाई अलग-अलग गर्नलाई ती आकाशमा राख्नुभयो। र परमेश्वरले हेर्नुभयो, त्यो असल थियो। १९ साँझ पऱ्यो र बिहान भयो- चौथो दिन। २० अनि परमेश्वरले भन्नुभयो, “पानी जीवित जन्तुहरूले प्रशस्त गरी भरिऊन्। र पन्छिहरूचाहिँ पृथ्वीमाथि अन्तरिक्षमा उडून्।” २१ यसैले समुद्रका विशाल जलजन्तुहरू, पानीहरूमा भरिएका चलहल गर्ने किसिम-किसिमका सबै जीवित प्राणीहरू र जात-जातका पखेटा भएका सबै पन्क्षीहरू परमेश्वरले सृष्टि गर्नुभयो। र

परमेश्वरले हेर्नुभयो, त्यो असल थियो। २२ अनि परमेश्वरले तिनीहरूलाई यसो भनेर आशिष् दिनुभयो, “फल्दै-फुल्दै, वृद्धि हुँदै र समुद्रमा भरिँदैजाओ। र पन्क्षीहरूको पनि पृथ्वीमा वृद्धि हुँदैजाओस्।” २३ अनि साँझ पऱ्यो र बिहान भयो -पाँचौं दिन। २४ अनि परमेश्वरले भन्नुभयो, “पृथ्वीले जात-जातका जीवित प्राणीहरू, अर्थात् जात-जातका पालिने पशुहरू, घस्रने जन्तुहरू र जात-जातका वन-पशुहरू उत्पन्न गरोस्। तब त्यस्तै भयो। २५ परमेश्वरले पृथ्वीका जात-जातका वन-पशुहरू, जात-जातका पालिने पशुहरू र जमिनमा घस्रने जात-जातका जन्तुहरू बनाउनुभयो। र परमेश्वरले हेर्नुभयो, त्यो असल थियो। २६ फेरि परमेश्वरले भन्नुभयो, “मानिसलाई आफ्नै स्वरूपमा, हाम्रै प्रतिरूपमा बनाऔं। तिनीहरूले समुद्रका माछाहरू, आकाशका पन्क्षीहरू, पालिने पशुहरू र जमिनमा चलहल गर्ने सबै जन्तुहरूमाथि अधिकार गरून्।” २७ यसैकारण परमेश्वरले मानिसलाई आफ्नै स्वरूपमा सृष्टि गर्नुभयो। परमेश्वरकै प्रतिरूपमा उहाँले तिनलाई सृष्टि गर्नुभयो। नर र नारी नै गरी उहाँले तिनीहरूलाई सृष्टि गर्नुभयो। २८ परमेश्वरले तिनीहरूलाई आशिष् दिनुभयो, र तिनीहरूलाई भन्नुभयो, “फल्दै-फुल्दै, वृद्धि हुँदै, पृथ्वीमा भरिँदै र त्यसलाई आफ्नो वशमा पार्दैजाओ। समुद्रका माछाहरू, आकाशका पन्क्षीहरू तथा पृथ्वीका सबै जीवित प्राणीहरूमाथि अधिकार गर।” २९ तब परमेश्वरले भन्नुभयो, “हेर, म तिमीहरूलाई पृथ्वीका सबै बीउ उमार्ने बोटहरू र फलमा नै बीउ हुने सबै फलका रूखहरू दिन्छु। ती तिमीहरूलाई आहाराको निम्ति हुनेछन्। ३० र पृथ्वीको हरेक पशु, आकाशको हरेक पन्क्षी र जमिनमा चलहल गर्ने हरेक जन्तु– हरेक प्राणी जसमा जीवन छ– तिनीहरूका आहाराको निम्ति म हरिया वनस्पति दिन्छु।” तब त्यस्तै भयो। ३१ आफूले बनाउनुभएको हरेक कुरा परमेश्वरले हेर्नुभयो। र त्यो साह्रै राम्रो थियो। साँझ पऱ्यो र बिहान भयो– छैटौं दिन।"

यस संसारमा पाप भित्रिएपछि पनि मौसम प्रायजसो नियमितरुपमा चलिरहेका छन्। आकाशमा सूर्य र चन्द्रमाहरूले प्रकाश दिइरहेकाछन्। ती तत्वहरूले दिन र रातलाई विभाजन गर्दछन् भने तिनीहरूले विभिन्त चिन्ह र मौसमहरू निर्धारण गर्दछन्। तिनीहरूले नै दिन र वर्षहरूलाई अघि बढाउँछन् (उत्पत्ति १:१४ रूपान्तरित)। परमेश्वरले सृष्टि गर्नुभएको यस पृथ्वीमा विभिन्न मौसमहरू त छन् नै साथै प्राकृतिक लय वा तरङ्गहरू पनि छन् जुन सृष्टिका भागहरू हुन्। पापको कारणले लथालिङ्ग बन्न पुगेको यस संसारमा सुरुको संसारको बारेमा केवल केही झलकहरूमात्र पाइने भएतापनि त्यो समय

आउनेछ जब यस पृथ्वीमा अहिले गुमेको परमेश्वरको लय वा तरङ्ग फेरि पुनर्स्थापना हुनेछ। परमेश्वरले अगमवक्ता यशैयामार्फत यो कबूल यशैया ६६:२२,२३मा यसरी व्यक्त गर्नुभएको छः "२२ "जसरी नयाँ आकाश र नयाँ पृथ्वी, जो म बनाउनेछु, ती मेरै सामुन्ने रहिरहनेछन्," परमप्रभु भन्नुहुन्छ, "त्यसरी नै तिमीहरूको नाउँ र तिमीहरूका सन्तान रहिरहनेछन्। २३ एक औंसीदेखि अर्को औंसी र एक शबाथदेखि अर्को शबाथसम्म, सबै मानिस-जाति आएर मेरो सामुन्ने निहुरनेछन्," परमप्रभु भन्नुहुन्छ।"

**हिब्रूमा शबाथ भनिएको तर अङ्ग्रेजीको अनुवाद अनुसार साबथ भनिएकोले नेपालीमा पनि साबथ भनेर उच्चारण गरिएको हप्ताको सातौं दिनको बारेमा सोच्नुहोस्। जेभएतापनि तपाईंको र विशेष गरेर तपाईंको पारिवारिक जीवनमा साबथको गरिमाले कसरी अत्यन्त शक्तिशाली नियमितरूपमा प्रभाव पारिरहेको छ? परमेश्वरले पवित्र पारेर अलग राख्नुभएको साबथ दिन नियमित रूपमा आउनुले के विशेष लाभहरू उपलब्ध हुनसक्छन्?**

## २. जीवनका लय वा तरङ्गहरू

वैज्ञानिकहरूले जैविक चक्रको ताल वा तरङ्ग वा साइकर्डियन रिथम (circadian rhythms) भनेर सम्बोधन गरिएको विषयमा कहिलेकाहीँ चर्चा गर्छन्। यो शब्दले दैनिक जीवनमा चलिरहने एक पल्ट वा धेरै पल्ट चलिरहने प्रक्रियालाई जनाउँछ। त्यसलाई बायलोजिकल क्लक पनि भनेर सम्बोधन गरिन्छ। दिन, महिना, ऋतु आदिलाई नियमित रूपमा नियन्त्रण गरि चलाउने प्राकृतिक प्रणालीलाई बायोलोजिकल क्लक वा रिथम भनिन्छ। हामीहरूको शरीरलाई नियमित रूपमा चलाइराख्ने शारीरिक यन्त्रलाई बडी क्लक वा शरीरका घडीहरू भनेर पनि व्याख्या गरिन्छ। त्यसको अर्थ हामीहरूको भौतिक शरीर जथाभावी वा लथालिङ्ग तरिकाले चलिरहेको हुँदैन। शरीरका सबै अङ्गहरूले आफ्नै समय अनुसार नियमितरुपमाले एक आपसमा तालमेल गरेर काम गर्दछन् (उदाहरणमा मुटुको धदकन शरीरको अरू अङ्गहरूको वास्ता नगरि जहिले मनलाग्यो त्यसबेला चल्ने वा चल्न मन नलागेको बेलामा चुपचाप बस्ने हुँदैन)। त्यसकारण हामीहरूको शारीरिक ताल वा तरङ्ग हामीहरूको वरिपरि र हामीभित्रै छ (हामीहरूको दिमागलेमात्रै म स्वतन्त्रछु, म कसैको भरमा छैन। म आफ्नै खुट्टामा उभिएको छु, मलाई अरू कुनैसँग सरोकार छैन,चाहे वातावरण, परिस्थिति वा आफ्नै शरीर पनि किननहोस्। हामी आफ्नै

शरीरसँग होस् वा बाहिर तत्वहरूसँग होस् पारस्परिक निर्भर भएर अर्थमूलक जीवन बिताउँछौं-अनुवादकको टिप्पणी)।

**बाइबलमा जीवनको ताल, समय पूर्वअनुमान वा पहिले नै निर्धारण गरे अनुसार चल्दछ भनिएको छ। देहायका पदहरूले हामीहरूको पारिवारिक जीवनमा कसरी प्रत्यक्ष असर पार्न सक्छ भनेर उल्लेख गरिएको छ। हेर्नुहोस्: उपदेशक ३:२ "जन्मने एउटा समय छ, र मर्ने एउटा समय। रोप्ने एउटा समय छ, र उखेल्ने एउटा समय।", उत्पत्ति २१:८ "बालक बढ्दैगयो, र त्यसले दूध खान छोड्यो। र इसहाकले दूध खान छोड़ेको दिन अब्राहामले एउटा ठूलो भोज दिए।", न्यायकर्ता १३:२४ "ती स्त्रीले एउटा छोरा जन्माइन् र तिनको नाउँ शिमशोन (सामसन) राखिन्। त्यो बालक बढ्न लाग्यो, र परमप्रभुले त्यसलाई आशिष् दिनुभयो।"भजन ७१:५ "६ जन्मदेखि नै मैले तपाईंमाथि भरोसा गरेको छु। मेरी आमाको गर्भबाट मलाई निकाल्ने तपाईं हुनुहुन्छ, निरन्तर म तपाईंकै प्रशंसा गरिरहनेछु।", हितोपदेश ५:१८ "तब मैले यो थाहा गरें कि परमेश्वरले दिनुभएको यस जीवनको छोटो अवधिमा सूर्यमुनि खानु, पिउनु र आफ्नो घोर परिश्रममा सन्तुष्टि खोज्नु नै मानिसको निम्ति असल र ठीक रहेछ, किनकि यो नै त्यसको भाग हो।", उत्पत्ति १५:१५ "तिमीचाहिँ आफ्ना पितृहरूकहाँ शान्तिसित जानेछौ। तिम्रो पूरो बुढ़ेसकालमा तिमी गाड़िनेछौ।", न्यायकर्ता ८:३२ "अनि योआशका छोरा गिदोन पूरा बुढ़ेसकालमा मरे, र आफ्ना बाबुको चिहानमा अबीएजेरीहरूको ओप्रामा गाड़िए।" र भजन ९०:१० "१० हाम्रो आयु त सत्तरी वर्ष मात्र हो, बलले भ्यायो भने, असी पुग्ला। तापनि तिनीहरूको अवधि कष्ट र शोकमा बित्छ, किनकि आयुचाहिँ चाँड़ै बित्छ, र हामी उड़िजान्छौं।"**

जन्म र मृत्युको बीचमा प्रत्येक व्यक्तिले अनेकौं समयहरूको सामना गर्नुपर्दछ। सबै व्यक्तिले एउटै ताल वा समयको सामना गर्छ भन्ने छैन। कतिपय बालबालिकाहरू जन्मेको धेरै वर्षसम्म बाँच्दैनन् भने कोही ७०,८०,९० र १०० पनि पार गरेर जिउन सक्छन्। प्रत्येक बालबालिका आफ्नै शारीरिक संरचना अनुसार बढ्छन् र हुर्कन्छन्। कतिपय बालबालिका अरू भन्दा छिटो बोल्छन् वा हिंड्छन् भने अरू ढिलो। कतिपय बालबालिका हुर्केर स्कूलमा गएर कुनै दक्षता हासिल गरेर जीवन निर्वाह गर्छन् भने अरूहरू आफ्नै प्रतिभा वा बुद्धि अनुसार काम गर्छन्। कतिपयको परिवार होला त कतिपय त कहिल्यै विवाह नगरि बस्न सक्छन् वा सन्तान नभएरै पनि चल्नसक्छन्।

यस संसारमा खरबौं मानिसहरू छन्। प्रत्येक मानिसको जन्मिने मर्ने, हुर्किने जस्ता सबैसँग मिल्ने वा साझा कुराहरू हुन्छन् जसरी पावलले प्रेरित १७:२६मा भनेका छन् "उहाँले एक जनाबाट समस्त पृथ्वीमा वास गर्न मानिसको प्रत्येक जाति बनाउनुभयो। तिनीहरूका निवासका अवधि र सीमा पनि तोकिदिनुभयो।" तैपनि प्रत्येक व्यक्तिको आफ्नै विशेषता छ। जसरी एउटै रूखका पातहरूको भित्री बनावट फरक फरक छ त्यसरी नै प्रत्येक व्यक्ति विभिन्न व्यक्तित्वमा फरक छ। कुनै पनि दुई जना एउटै खालको हुन्छ वा हुनुपर्छ भनेर जिकिर गर्नु मनासिव हुँदैन किनभने हामीहरूको जीवनमा भिन्नता वा अनेकता छ।

यथार्थमा भन्ने हो भने हामीहरूमा भएका भिन्नता वा अनेकता अत्यन्त महत्त्वपूर्ण छन्। त्यही भिन्नता वा अनेकताले गर्दा प्रत्येक व्यक्ति बिशेष व्यक्ति हुन पुगेको हुन्छ। त्यसको अर्थ एकमा भएका लक्षण वा प्रतिभा अरूमा हुनुपर्छ भन्ने कुरा सत्य नभएकोले एक आपसमा निर्भर भएर हामीहरूको विषेतालाई बाँड्न सक्छौं। हामीहरूको भिन्नताले अर्कोको निम्ति आशिष हुन्छ भन्ने कुरालाई याद गर्नुपर्छ। चाहे युवा होस् चाहे बृद्ध होस् एक आपसमा भएका गुणहरू एक आपसको हित वा भलाईको निम्ति प्रयोग गर्न सकिन्छ। हितोपदेशमा अत्यन्त मार्मिकरूपमा यो व्यक्त गरिएको छ "जवान मानिसहरूको महिमा तिनीहरूको बल हो, फुलेको केश वृद्धहरूको गौरव हो।" (हितोपदेश २०:२९)। हामी जुनसुकै पाइलमा हिँडिरहेको भएतापनि वा जहाँ भएतापनि वा जुनसुकै भिन्नतामा भएतापनि प्रत्येक मानव प्राणीले अर्को मानवप्राणीको निम्ति केही न केही गर्न सक्छौं केवल परमेश्वरलाई म सबै थोक दिन्छु भन्नेमात्र होइन।

**तपाईंका जीवनका परिस्थितिहरू अहिले जेभएतापनि तपाईंमा भएको व्यक्तित्व वा लक्षणहरू अरूको निम्ति कसरी आशिष वा हितकर बनाउन सक्नुहुन्छ? अरूलाई वा विशेष गरेर तपाईंकै परिवारमा भएकोलाई तपाईंको जीवन आशिषमय बनाउन तपाईंको विवेकलाई किन प्रयास गर्न दिनुहुन्न?**

## ३. जीवनमा अपेक्षा नगरिएको घट्ना वा वातावरण

**परमेश्वरको परमभक्त अय्यूबको बिजोग अय्यूब १:१-२० र २:१-९ मा दिएको पढ्नुहोस्। अय्यूबलाई के भयो? उनले वाध्यभएर अनुभव गर्नुपरेको जीवनको तीतो सत्य कुनै न कुनै तरिकाले कुनै न कुनै समयमा र कुनै न कुनै मानिसको अनुभवलाई कसरी प्रतिविम्ब गरिएको छ? हेर्नुहोस् "१ ऊज देशमा**

अय्यूब नाउँ भएका एक जना मानिस बस्दथे। तिनी निर्दोष र सोझो जीवन बिताउँथे। तिनी परमेश्वरसँग डराउँथे र दुष्टताबाट अलग बस्थे। २ तिनका सात छोरा र तीन छोरी थिए। ३ तिनका सात हजार भेड़ा, तीन हजार ऊँट, पाँच सय हल गोरु र पाँच सय गधाबाहेक धेरै कमारा-कमारीहरू पनि थिए। पूर्वका सबै मानिसहरूमध्ये अय्यूब सबैभन्दा महान् थिए। ४ तिनका छोराहरूले पालैसित आफ्नो घरमा भोज राख्थे र आफ्ना तीन बहिनीहरूलाई खानपिनका लागि आफ्ना तीन बहिनीलाई निम्त्याउँथे। ५ भोज दिने क्रम सिद्धिएपछि अय्यूबले आफ्ना छोराछोरीहरूलाई बोलाएर शुद्ध बनाउने गर्थे। तिनी बिहान सबेरै उठी तिनीहरू प्रत्येकको निम्ति यो विचारले एउटा-एउटा होमबलि चढाउथे, "शायद मेरा छोराछोरीले पाप गरे होलान् र परमेश्वरलाई आफ्ना हृदयमा सरापे होलान्।" अय्यूब सधैं यसै गर्थे। ६ एक दिन स्वर्गीय दूतहरू परमप्रभुको सामुन्ने उपस्थित हुँदा शैतान पनि तिनीहरूसँग आयो। ७ परमप्रभुले शैतानलाई सोध्नुभयो, "तँ कहाँबाट आईस्?" त्यसले भन्यो, "पृथ्वीमा चारैतिर घुमफिर गर्दै आएको हुँ।" ८ तब परमप्रभुले शैतानलाई सोध्नुभयो, "के तैंले मेरो दास अय्यूबलाई याद गरिस्? परमेश्वरको डर राख्ने र दुष्ट कामबाट अलग रहने त्यो जस्तो निर्दोष र सोझो मानिस पृथ्वीमा अरू कोही छैन।" ९ शैतानले परमप्रभुलाई यसो भनेर जवाफ दियो, "अय्यूबले त्यसै परमेश्वरको डर राखेका हुन् त?" १० के तिनलाई, तिनका घराना र तिनका सबै धन-सम्पत्तिलाई तपाईंले चारैतिरबाट बार हालेर रक्षा गर्नुभएको छैन? तिनका सबै काममा तपाईंले आशिष् दिनुभएको छ, अनि तिनका गाईबस्तुहरू देशभरि अनगन्ती बढ़ेका छन्। ११ तर आफ्नो हात पसारेर तिनका सबै चीजमाथि प्रहार गर्नुहोस्, र तिनले तपाईंलाई तपाईंकै मुखको सामुन्ने सराप्नेछन्।" १२ तब परमप्रभुले शैतानलाई भन्नुभयो, लौ त, त्यसकहाँ जे-जति छन्, सबै तेरै हातमा भयो। केवल अय्यूबको शरीरलाई चाहिँ नछो।" तब शैतान परमप्रभुको उपस्थितिबाट निस्केर गयो। १३ एक दिन अय्यूबका छोराछोरीहरू आफ्ना जेठा दाजुको घरमा खानपिन गर्दैथिए। १४ एउटा समाचारवाहक कुदेर अय्यूबकहाँ आएर भन्यो, १५ "गोरुहरू जोतिरहेका र गधाहरू तिनीहरूका नजिकै चरिरहेकै बेला शबीहरूले गोठालाहरूलाई आक्रमण गरेर मारे, र ती सबै लगे। अनि तपाईंलाई समाचार दिन म मात्र उम्कें।" १६ त्यो बोल्दाबोल्दै अर्को समाचारवाहक आइपुग्यो। त्यसले भन्यो, "परमेश्वरको अग्नि स्वर्गबाट झरेर भेड़ाहरू र गोठालाहरूलाई भस्म पार्‍यो। अनि तपाईंलाई समाचार दिन म मात्र उम्कें।" १७ त्यो बोल्दाबोल्दै अर्को एक जना आएर भन्यो, "कल्दीहरूले छापा मार्ने तीन दल बनाए र तपाईंका ऊँटहरू आक्रमण

गरी लगे। तिनीहरूले नोकरहरूलाई मारे र तपाईंलाई समाचार दिनलाई म मात्र उम्कें।" १८ त्यो मानिस बोल्दाबोल्दै एक जना आइपुग्यो र भन्यो, "तपाईंका छोराछोरीहरू आफ्ना जेठा दाजुको घरमा खानपान गर्दैथिए। १९ त्यसै बेला मरुभूमिबाट अचानक आँधीबेहरी आएर घरको चारै कुनामा हान्यो र त्यो घर ती जवान मानिसहरूमाथि ढलेर तिनीहरू सबैलाई थिचेर मार्‍यो। अनि समाचार दिन म मात्र उम्कें।" २० यो सुनेर अय्यूब उठे, र तिनले आफ्नो लुगा च्याते। तिनले आफ्नो कपाल खौरे" (अय्यूब १:१-२०) र "१ अर्को एक दिन स्वर्गदूतहरू परमप्रभुको सामुन्ने उपस्थित हुँदा शैतान पनि आफूलाई उहाँको अगाडि उपस्थित गराउन तिनीहरूसँगै गयो। २ अनि परमप्रभुले शैतानलाई सोध्नुभयो, "तँ कहाँबाट आईस्?" त्यसले भन्यो, "पृथ्वीमा चारैतिर घुमफिर गर्दैआएको हुँ।" ३ तब परमप्रभुले शैतानलाई भन्नुभयो, "के तैंले मेरो दास अय्यूबलाई याद गरिस्? परमेश्वरसँग डर राख्ने र दुष्ट कामबाट अलग रहने त्योजस्तो निर्दोष र सोझो मानिस पृथ्वीमा अरू कोही छैन। विनाकारण त्यसलाई नाश गर्नलाई तैंले मलाई उस्काइस्। तर त्यसको निष्ठा अझसम्म ढलपल भएको छैन।" ४ शैतानले परमप्रभुलाई जवाफ दियो, "चामको साटो चाम। आफ्नो ज्यान बचाउन मानिसले आफूसँग भएका सबै कुरा दिँदैन र? ५ आफ्नो हात पसारेर तिनको शरीरमा चोट पुर्‍याउनुहोस् अनि तिनले तपाईंको मुखकै सामुन्ने तपाईंलाई सराप्नेछन्।" ६ तब परमप्रभुले शैतानलाई भन्नुभयो, "लौ त, त्यसो भए त्यो तेरो हातमा छ। तर त्यसको ज्यानचाहिँ छोड्दिे।" ७ तब शैतान परमप्रभुको सामुन्नेबाट निस्क्यो। त्यसले अय्यूबको पैतालादेखि टाउकोसम्म कष्टप्रद खटिरा उब्जाइदियो। ८ खरानीमा बसेर कन्याउनलाई तिनले एउटा फुटेको माटोका भाँड़ाको टुक्रा लिए। ९ तिनकी पत्नीले तिनलाई भनिन्, "के तपाईं आफ्नो निष्ठामा अझै अड़ी नै रहनुहुन्छ? परमेश्वरलाई सराप्नुहोस् र मर्नुहोस्।" (अय्यूब २:१-९)।

पौराणिक ग्रीक सभ्यताको दार्शनिक हेराक्लिटसले यो भावना व्यक्त गरेका थिए "यस संसारमा केही पनि स्थायी छैन तर परिवर्तनमात्रै छ।" अय्यूबको जीवनमा सबै थोक अपेक्षा गरे अनुसार नै चलिरहेको थियो। अय्यूबका परिवारहरू रमाइलोसँग नै जीवन बिताइरहेका थिए। तब कहिल्यै नचिताएको कुरो अचानक भइदियो। हुनसक्छ हाम्रो जीवनमा पनि अपेक्षा नगरिएको कुरो हुनसक्छ। सकारात्मक रूपमा हेर्न् हो तपाईंको काममा तपाईं बढुवा हुनुभएर आर्थिक मामिलामा तपाईं सुध्रिनु भएको होला। वा हुनसक्छ तपाईंले नचिताएको स्त्रीलाई भेटेर उनीसँग चिनापर्ची गर्दा उनी भविष्यको

तपाईंकी श्रीमती हुनसक्छिन् होलिन् जसले गर्दा तपाईंको जीवनलाई नै परिवर्तन होला। तर जे भएतापनि हामी नियमतिरूपमा र आफ्नै ताल वा लयमा चलिरहेको समयमा अचानक नचिताएको घट्नाको सामना गर्नुपर्ने हुन्छ जसले गर्दा हामीहरूको जीवनलाई खलबल पार्न सक्छ र हामीहरूलाई भताभुङ्ग पनि पार्न सक्छ।

अत्यन्त धार्मिक जीवन, असल जीवन, परोपकारी जीवन, मेहनती, सबै कुरामा सम्पन्न भएको, शत्रु भन्ने नभएको अनुभव गरिरहेको अय्यूबको ताल वा लयमा अचानक  यस्ता दुःखद घट्नाहरू भयो जुन उनले सोचेका थिएनन् न तर वियोगको घट्ना उनको निम्ति न्यायोचित नै देखिन्थ्यो। परमेश्वर आफैंले उनको सराहना गर्दै उनलाई मुक्त कण्ठले यसरी प्रशंसा गर्नुभएको थियो " अय्यूब निर्दोष, सोझो, परमेश्वरको भयमान्ने वा परमेश्वरप्रति अगाध श्रद्धा राख्ने र सबै खराब काम वा तत्त्वहरूबाट अलग भएर बसेको" (अय्यूब १:१ रूपान्तरित)। परमेश्वरप्रतिको विश्वासमा चलेको भएतापनि अय्यूबको जीवन साधुको जस्तो एक्ला जीवन थिएन। उनले विवाह गरेका थिए, उनका सातभाई छोराहरू र तीन छोरीहरू थिए। उनको आफ्नै मेहनतले गर्दा उनी अत्यन्तै धनी पनि थिए (अय्यूब १:२,३)। (यथार्थमा भन्ने हो भने उनको जीवनले भजन १२८लाई स्पष्टरूपमा चरितार्थ गरेर देखाइरहेको थियो "१ परमप्रभुको भय मान्नेहरू सबै धन्यका हुन्, जो उहाँका इच्छाअनुसारका चालहरूमा चल्छन्। २ तिमीले आफ्नो परिश्रमको फल खानेछौ, आशिष् र सब किसिमका फलिफाप तिमीले पाउनेछौ।३ तिम्री पत्नी तिम्रो घरभित्र फलवन्त दाखको लताजस्तै, अनि तिम्रा छोरा-छोरीहरू तिम्रो टेबिलको वरिपरि जैतूनका मुनाहरूजस्तै हुनेछन्। ४ यसरी परमेश्वरको भय मान्ने मानिस आशिषित हुनेछ। ५ परमप्रभुले तिम्रो जीवनभर सियोनबाट तिमीलाई आशीर्वाद देऊन्। तिमीलाई यरूशलेमको समृद्धि देख्न पाओस्, ६ र तिमीले तिम्रा नाति-पनातिलाई देख्न पाओस् । इस्राएलमा शान्ति आओस्।" (अनुवादकको थप जानकारी)।

जब हामी अय्यूबको पुस्तक पढ्दै बीचको भागमा पुग्दछौं तब उनको जीवन अत्यन्त उल्लेखनीय तरिकाले बिजोगको सामना गर्न वाध्य हुन जान्छः उनको श्रीसम्पत्ति ध्वस्त हुन्छ, उनका सबै मजदूरहरू उनले गुमाउनु पऱ्यो। उनले आफ्नो सबै सन्तानहरू गुमाए, उनको शरीर पनि नराम्रोसँग खस्किए र आफ्नो अर्धाङ्गिनी र सहयोगी भनेर विवाह गरेकी श्रीमतीबाट पनि उनलाई नैतिक समर्थन प्राप्त हुँदैन र अझ कटु वचन बोलेर उनले भन्छिन् "परमेश्वरलाई शराप र आत्महत्या गर!" (रूपान्तरित) र उनका हितैषी

साथीहरू पनि उनलाई दिने सान्त्वना र साहस दिँदैनन्। उनको निम्ति संसार उल्टोपाल्टो भयो र नियमित तालमा चलिरहेको उनको पारिवारिक जीवन बरबाद हुन्छ।

अय्यूबलाई जे भयो त्यो त जीवनको पराकाष्टा नै थियो। उनले त अति नै सहनुपरेको थियो। तर हामीहरूमध्ये कसले कुनै न कुनै रूपमा अपेक्षा नगरिएको र नकारात्मक अनुभवमा होमिन परेको होला? जब हामीहरूको जीवन सामान्यरूपमा सबै ठिकठाकमा चलिरहेको हुन्छ तब अचानक वा एक्कासी केही न केही अनिष्ट हुन जान्छ जसले गर्दा सबै थोक परिवर्तन हुन जान्छ र हामीहरूको जीवन, हामीहरूको पारिवारिक जीवन यस्तरी तहस नहस हुन्छ कि टुक्राटुक्रा भएको शिशालाई जोड्न नसक्ने भएजस्तो हाम्रो जीवन पनि धुजा धुजा हुन जान्छ।

विश्वको मानव इतिहास पल्टाएर हेर्नुहोस्। हो, कुनै थोक पनि नयाँ छैन। हावेलले आफ्नो हत्या हुन्छ भनेर सोचेको थिएन र आफ्नै झड्केलो दाजुहरूले विदेशी इजिप्टका साहुहरूलाई दासको रूपमा बेचिनेछ भनेर युशूफले कहिल्यै पनि कल्पना गरेको थिएन। ती दुवै कथाहरूमा अत्यन्त तीतो सत्यको खुलासा गरिएको छ। हामीलाई मन नपर्ने अरू साथीभाइ वा सँगसँगै काम गर्ने सहकर्मी र शत्रुहरूले धोका दिने वा गद्दारी गर्ने काम त छन् नै तर दुवै कथाहरूमा परिवालाई धोका दिने वा परिवारलाई गद्दारी गर्ने वा बिगार्ने काममा परिवारकै सदस्य हुन गएको पाइन्छ। यसरी परिवारमा परिवारको सदस्यबाटै धोका र कपटपूर्ण काम हुन्छ तब परिवार तहसनहस हुन हुनसक्छ र एक आपसमा नराम्रो प्रभाव रहन सक्छ। धर्मी, परमेश्वरलाई विश्वास गर्छु, परमेश्वरकै विधिहरू पालन गर्छु भन्ने व्यक्तिहरू वा अरू कुनै व्यक्तिहरूको अपेक्षा नगरिएको क्रियाकलापहरूले मानिसहरूको र परिवारको जीवनमा भारि परिवर्तन भएको कथाहरूले बाइबल भरिएको छ।

**के तपाईंले अपेक्षा नगरेको दुःखकष्ट वा परीक्षा आएर तपाईंको जीवनको ताल वा लयलाई बाधा दिँदा परमेश्वरप्रतिको तपाईंको आस्थाले तपाईंको जीवन सम्हाल्न सहयोग गरेको छ?**

## ४. एक अवस्थाबाट अर्को अवस्थामा सर्नुपर्दा

मानव जीवन प्रायजसो बानीव्यहोरा वा आदतले सजिएको प्राणी हो। हामीहरू हाम्रो दिमागको मनस्थिति वा बानीमा चल्दछौं। जब हामीहरूको

उमेर ढल्किन्छ तब हामीहरूको आदत वा मनस्थितिमा परिवर्तन ल्याउन कठिन हुँदै जान्छ।

यदि हामीहरूमा कुनै आदत वा मनस्थितिलाई परिवर्तन गर्नुपर्‍यो भने त्यो सजिलो हुँदैन। कतिपय श्रीमती वा श्रीमानहरूले आफ्ना श्रीमान वा श्रीमतीहरूलाई परिवर्तन गर्न धेरै वर्ष लागेपनि परिवर्तन नभएको दुखेसो गरिरहेको यथार्थ कसलाई थाहा छैन र? हो, श्रीमानले श्रीमतीलाई वा श्रीमतीले श्रीमानका बानीव्यहोरा आफ्नो चाहना अनुसार परिवर्तन गर्न नसक्लान् तर हामीहरू परिवर्तन गर्ने काममा परमेश्वर लाग्नुभएको कुरालाई हामीले इन्कार गर्नुहुन्न। हाम्रो व्यक्तित्व वा हाम्रो हिँडाई चाला वा शारीरिक रूप वा शरीरको बनावटले गर्दा चल्नुपर्ने चाल परमेश्वरले परिवर्तन नगर्नु होला तर हाम्रो चरित्र वा स्वभावलाई उहाँले परिवर्तन गर्न चाहनुहुन्छ। मुक्तिको सम्पूर्ण योजनाको लक्ष्य नै हामी उहाँमा परिवर्तन भएर नयाँ मानिसहरू हुन सकौं।

**टार्सको शावल एक ज्वलन्त उदाहरण हुन्। राक्षसी स्वभाव भएको शावललाई कसरी भारी परिवर्तन गरियो भन्ने बृतान्त देहायका पदहरूले दिएको पढ्नुहोस्ः प्रेरित ८ः१-३ "१ तिनको हत्यामा शाऊल पनि सहमत थिए। त्यसै दिन यरूशलेममा भएका मण्डलीको विरुद्धमा ठूलो सतावट सुरु भयो, र प्रेरितहरूबाहेक तिनीहरू सबै यहूदिया र सामरियाका इलाकातिर छरपष्ट भए। २ भक्तजनहरूले स्तिफनसलाई लगेर गाड़े, र तिनको निम्ति ठूलो विलाप गरे। ३ तर शाऊलले चाहिँ घर-घरमा पसेर मण्डलीलाई संहार गरिरहेका थिए। तिनले पुरुष र स्त्रीहरूलाई घिस्स्याउँदै लगी झ्यालखानमा हालिदिन्थे।", प्रेरित ९ः१-२२ "१ शाऊल प्रभुका चेलाहरूका विरुद्धमा अझ पनि धम्की र हत्याको धुनमा प्रधान पूजाहारीकहाँ गए, २ र तिनले त्यस मार्गका पुरुष होस् वा स्त्री, जसलाई फेला पारे पनि तिनीहरूलाई बाँधेर यरूशलेममा ल्याउन पाऊँ भनी दमस्कसका सभाघरहरूको नाउँमा पुर्जी मागे। ३ जब शाऊल यात्रा गर्दै दमस्कसको नजिक पुगे, अचानक स्वर्गबाट एउटा ज्योति तिनको वरिपरि चम्क्यो। ४ तिनी भूइँमा लोटे, र तिनले यसो भन्ने सोर सुने, "शाऊल, शाऊल, तिमी किन मलाई सताउँछौ?" ५ तिनले भने, "प्रभु, तपाईं को हुनुहुन्छ?" अनि उहाँले भन्नुभयो, "म येशू हुँ, जसलाई तिमी सताउँदैछौ। ६ तर उठेर सहरमा जाऊ, र तिमीले जे गर्नुपर्छ सो तिमीलाई बताइनेछ।"**

**७ तिनको साथमा जाने मानिसहरूले सोरचाहिँ सुने, तर कसैलाई नदेख्दा अवाक भई उभिरहे। ८ तब शाऊल भूइँबाट उठे र आँखा खोल्दा तिनले केही पनि देखेनन्, र तिनीहरूले तिनका हात समाती डोर्‍याएर तिनलाई दमस्कसमा**

ल्याए। ९ अनि तीन दिनसम्म तिनी नदेख्ने भए, र न त खाना खाए न पानी
पिए। १० दमस्कसमा हननिया नाउँ भएका एक जना चेला थिए। तिनलाई
प्रभुले दर्शनमा भन्नुभयो, "ए हननिया।" तिनले भने, "प्रभु, हाजिर छु।" ११ तब
प्रभुले तिनलाई भन्नुभयो, "उठ, र 'सीधा' नामक गल्लीमा जाऊ, र त्यहाँ यहूदाको
घरमा शाऊल नाउँ भएका टार्सस-निवासीलाई खोज, किनकि तिनी प्रार्थना
गरिरहेका छन्। १२ तिनले दर्शनमा हननिया नाउँ भएका एक जना मानिस
भित्र आएर तिनले दृष्टि पाऊन् भनेर आफूमाथि उनका हात राखेका देखेका
छन्।" १३ तर हननियाले भने, "प्रभु, यी मानिसले यरूशलेममा तपाईंका
सन्तानहरूलाई कत्ति धेरै खराबी गरेका छन्, सो मैले धेरै जनाबाट सुनेको छु।
१४ यहाँ पनि तपाईंको नाउँ लिने सबैलाई बाँध्ने अधिकार मुख्य
पूजाहारीहरूबाट तिनले पाएका छन्।" १५ तर प्रभुले तिनलाई भन्नुभयो, "जाऊ,
किनकि अन्यजातिहरू, राजाहरू र इस्राएलका सन्तानका सामुन्ने मेरो नाउँ प्रचार
गर्न तिनी छानिएका मेरा एक पात्र हुन्, १६ किनकि मेरो नाउँको खातिर तिनले
कति कष्ट भोग्नुपर्छ, सो म तिनलाई देखाउनेछु।" १७ तब हननिया गएर त्यस
घरभित्र पसे, र तिनीमाथि आफ्ना हात राखेर भने, "भाइ शाऊल, जुन प्रभु येशू
तिमी आइरहेको बाटोमा तिमीकहाँ देखा पर्नुभएको थियो, उहाँले नै तिमीले दृष्टि
पाऊ र तिमी पवित्र आत्माले भरिपूर्ण होऊ भनी मलाई पठाउनुभएको छ।" १८
तुरुन्तै तिनका आँखाबाट पाप्राजस्ता केही खसे, र तिनले फेरि दृष्टि पाए। तब
तिनी उठे र बप्तिस्मा लिए, १९ अनि भोजन खाएर तिनले बल पाए। शाऊल
निकै दिनसम्म दमस्कसमा भएका चेलाहरूसँग रहे। २० अनि तुरुन्तै तिनले
सभाघरहरूमा येशूको घोषणा यसरी गरे, "उहाँ परमेश्वरका पुत्र हुनुहुन्छ।" २१
तब सुन्नेहरू जति सबैले अचम्म मानेर भने, "यो नाउँ लिने जतिलाई यरूशलेममा
संहार गर्ने र यहाँ पनि तिनीहरूलाई बाँधेर मुख्य पूजाहारीहरूकहाँ लैजाने
अभिप्रायले आउने यही होइन र?" २२ तर शाऊल अझ बढ़ी शक्तिशाली हुँदैगए,
र येशू नै ख्रीष्ट हुनुहुन्छ भन्ने प्रमाण दिएर दमस्कसमा रहने यहूदीहरूलाई
अकमक्क पारिदिए।" र गलाती १:११-१७ "११ भाइ हो, तिमीहरूले यो जान
भन्ने म चाहन्छु, कि मैले प्रचार गरेको सुसमाचार मानिसको सुसमाचार होइन।
१२ किनकि मैले यो कुनै मानिसबाट पाएको होइनँ, न मलाई यो सिकाइएको
थियो, तर येशू ख्रीष्टको प्रकाशद्वारा मैले यो पाएको हुँ। १३ यहूदी धर्ममा छँदा
मेरो अघिको जीवनको विषयमा तिमीहरूले सुनेका छौ, कसरी मैले परमेश्वरको
मण्डलीलाई भयानक रूपले सताएँ, र त्यसलाई नाश गर्न खोजें। १४ हाम्रा
जातिमा, मेरा दौंतरकाहरू धेरैलाई उछिनेर म यहूदी धर्ममा अगि बढ़ेको थिएँ, र

**मेरा पिता-पुर्खाको परम्परामा म ज्यादै जोशिलो थिएँ। १५ तर, मेरो जन्म हुन अघि नै मलाई अलग गर्नुहुने, र आफ्नो अनुग्रहद्वारा मलाई बोलाउनुहुने परमेश्वरलाई, १६ जब अन्यजातिहरूका बीचमा उहाँको प्रचार गर्नलाई आफ्ना पुत्र ममा प्रकट गराउन उहाँलाई खुशी लाग्यो, तब मैले कुनै मानिससँग केही सल्लाह लिइनँ, १७ न त मभन्दा अघि प्रेरित हुनेहरूकहाँ म यरूशलेममा गएँ, तर तुरुन्तै अरब देशमा गएँ, र पछि दमस्कसमा फर्केर आएँ।"**

"पवित्र आत्माले शाऊललाई उनको कदम गलत भयो भनेर विश्वास दिलाएका थिए। उनको विवेकमा पवित्र आत्माको चित्त बुझाउने शक्तिलाई प्रवेश दिएपछि आफ्नो जीवनमा गरेका गलत कामहरूलाई देख्न सक्ने भएका थिए। परमेश्वरको व्यवस्था केवल कुनै सिमित जातिको निम्तिमात्र नभएर सर्वव्यापी छ भनेर उनले महसुस गर्न पुगे। आफू यहूदी धर्मको गौरवमय फरिसी वा पण्डित भनेर दावी गरेर आफ्नो धर्मकर्म वा परम्परा अपनाएर स्वर्ग पुग्न सकिन्छ भन्ने विश्वास उनमा थियो। तर दमस्कसको बाटोमा जब उनको येशूको आवाजसँग जम्का भेट भयो तब उनी सानो बालकले जस्तै सरल र नम्रभएर परमेश्वरको सामु झुके। क्रुसमा टाँगिनुभएको येशूसँग अनुनय बिन्ति गर्दै आफू परमेश्वरको राज्यमा अयोग्य भएको भनेर शाऊलले विनम्रतासाथ स्वीकारेका थिए। अब परमेश्वर पिता र उहाँको पुत्रसँग पूरा तालमेल गरेर चल्न र उहाँहरूसँग बार्तालाब गरेर चल्न पावलले तिब्र चाहना गर्न पुगे। परमेश्वरबाट क्षमा पाउन र उहाँद्वारा उनलाई स्वीकारियोस् भन्ने गहिरो चाहनले शावलले परमेश्वरसँग भावविभोर भएर प्रार्थना गरेका थिए। ...पश्चातापले उम्लिएको फारसी वा यहूदी धर्मको धुरन्धर पण्डितको प्रार्थना बेकारको भएको थिएन। उनको भित्री सोच, अन्तरविवेक र हृदयका भावनाहरू परमेश्वरको अनुग्रहले काया पल्टेको थियो वा परिवर्तन भएको थियो। उनी उनमा भएका उत्कृष्ट र आदर्श स्वभाव तथा दक्षता परमेश्वरको अनन्तको लक्ष्यको निम्ति तालमेल गरेर चल्न राजी भएका थिए। यस संसारमा कुनै थोक भन्दा पनि येशू र उहाँको धार्मिकता अत्यन्त महत्त्वपूर्ण भएको उनले आफ्नो मनस्थितिमा ढालेका थिए।-एलेन जी ह्वाइट, द आक्टस् अभ आपोस्टलस्,. पृ ११९,१२०बाट रूपान्तरित।

हुनसक्छ, येशूलाई ग्रहण गर्न शाऊलको जस्तो नाटकीय अनुभव हामीहरूको नहोला। यद्यपि परमेश्वरले हाम्रो जीवनमा कसरी काम गर्नुभएर हामीहरू परिवर्तन हुन पुग्यौं भन्ने अनुभव हामी सबैमा हुनुपर्ने कुरो हो। हामी कस्तो खालको मानिस हुनुपर्छ सो परमेश्वरले देखाइरहनुभएको महसुस

हामीहरूले गर्नु आवश्यक छ। परमेश्वरले हाम्रो जीवनमा ल्याउनुहुने परिवर्तनको प्रक्रिया लामो र गाऱ्हो पनि हुनसक्छ र कतिपय समयमा हामी परिवर्तन हुन सक्दैनौं भनेर पनि सोचौंला। यस परिस्थितमा हामी गुज्रनुपर्दा बाइबलमा दुई पदहरू छन् जुन आत्मसात् गर्दा तिनले जीवनमा निर्णायक परिवर्तन ल्याउन सहयोग गर्न सक्छ। हेर्नुहोस्ः

**फिलिप्पी १ः६ "मलाई यो दृढ़ विश्वास छ, जसले तिमीहरूमा एउटा असल काम सुरु गर्नुभयो, उहाँले नै येशू ख्रीष्टको दिनमा त्यो पूरा गर्नुहुनेछ।" र रोमी ८ः१ "१ यसकारण अब ख्रीष्ट येशूमा भएकाहरूलाई दण्डको आज्ञा छैन वा ऊ निर्दोष ठहरिन्छ।" (रूपान्तरित)। के यी महान् प्रतिज्ञाहरू तपाईंको इसाई अनुभव सुहाउँदो छैन र?**

## ५. एक आपसमा गर्ने व्यवहार वा अन्तरक्रिया

बाइबलका कुनै पनि पात्र समाजबाट अलग बसेर आफू अरूभन्दा धर्मात्मा वा स्वामी भनेर दावी गर्दै कुनै कुटी, गुफामा वा अलगिएर बस्न जन्मिएको हो आभास् दिइएको छैन। मानिसहरूको बीचमा सम्बन्धै सम्बन्धले भरिएको कथाले भरिएको पुस्तक बाइबल हो। अरू मानव प्राणीसँग सम्बन्ध राखेर हामी चलौं भनेर नै परमेश्वरले हामीहरूलाई सृष्टि गर्नुभएको हो। कोही मानिस पनि टापुमा गएर बसोस् भन्ने परमेश्वरको इच्छा होइन। हुन त हामीमा कोही यस्ता मानिस पनि छौं जो पूर्ण एक्लो जीवन बिताउन मनपराउँछन्। कुनैसँग सम्पर्क नराखेर चल्न रुचाउने पनि कोही कोही नभएका होइनन्। यथार्थमा भन्ने हो भने यदि हामीमा कोही कसैको साथ नभएको भए हामीहरूको सुरु नै हुने थिएन। अरूले गर्दा नै हो हामी यस संसारमा आएकाछौं। हामीले जतिसुकै आफ्नै खुट्टामा उभिएको छ भनेर फाईफुट्टी लगाएतापनि जन्मेको दिनदेखि केही वर्षसम्म आफूले सम्हाल्न नसकुन्जेल हामी अरूको हेरचाहमा बाँचिरहेका हुन्छौं। यो मानव प्रक्रिया हो। कोही कोही एक्लो भएर बस्न रुचाए जस्तो त होलान् तर त्यस्तो मानिस को होला? हामी मानिसहरू प्रायजसो अरू मानिसहरूको साथमा बस्न माया पाउन हुरुक्कै हुन्छौं र  साथीहरूको साथ पाउन आवश्यक पनि छ। कतिपय मानिसहरूले अरू मानिसहरूसँग बस्न नचाहेर वा मिल्न नचाहेर कुकुर जस्ता जन्तुहरू पालेर एक्लोपनालाई निभाउलान्। कुकुर वा अरू जन्तुहरू रमाइला साथीहरू जस्ता त हुन्छन् तर मानिसको भित्री चाहनालाई बाँडचुड गर्न, आफ्नो जीवन अर्थमूलक बनिरहेको छ भनेर अनुभव दिलाउन र जीवन परिवर्तनको

निम्ति परस्पर सम्बन्ध राख्न अरू मानिसहरूको नै आवश्यकता हुन्छ। त्यसैकारण हाम्रो अस्तित्वलाई निर्णायक बिन्दुमा पुऱ्याउन हामीलाई परिवार चाहिन्छ र परिवारको बीचमा सम्बन्ध राखिराख्न आवश्यक छ।

किनभने प्रायजसो हामीहरू सधैंजसो अरूसँग कुनै न कुनै रूपमा सम्बन्ध राखेर चल्दछौं त्यसले गर्दा परस्परको सम्बन्धले गर्दा हाम्रो जीवन परिवर्तन गर्न र प्रभाव पार्न सक्छ र साथै हामीहरूको जीवनको ताल वा लयहरूलाई असर पार्न सक्छ। हामी आफ्नै सुरमा चलिरहेतापनि त्यो सुरलाई अरूको सम्पर्कले असर पार्न सक्छ। यो दुईतर्फी कुरो हो। हाम्रो जीवनको तालले अरूको जीवनलाई असर पार्न सक्छ भने अरूको जीवनको तालले हामीलाई असर पार्न सक्छ। हामीले महसुस गरेतापनि वा नगरेतापनि एक मानिससँगको सम्बन्धले अर्को मानिसको सम्बन्ध असलको निम्ति वा खराबको निम्ति हुनसक्छ। त्यसकारण हामीले अरूसँग राख्ने सम्बन्ध, कारोबार, बोलिचालीमा सजग रहन अत्यन्त आवश्यक ठान्नुपर्छ। हामीहरूले थाहा नै नपाउने व्यवहार वा प्रभाव पनि अरूसँग सधैं असलको निम्ति हुनुपर्छ। विशेष गरेर हाम्रो परिवारका सदस्यहरू र नजिकको नातेदाहरूसँगको सम्बन्ध तिनीहरूको भलाई हुने खालका व्यवहारको विषयमा हामीले सोच्नुपर्दछ।

**देहायका केही पदहरूले अरूहरूसँगको व्यवहारमा के नीति लिनुपर्छ भनेर देखाउँदछ? हेर्नुहोस्ः रोमी १५ः१-६ "१ विश्वासमा दह्रिला हुने हामीले आफैलाई मात्र खुशी पार्ने इच्छा नराखेर दुर्बल मानिसहरूका कमजोरीलाई सहनुपर्छ। २ हामी प्रत्येकले आफ्नो छिमेकीको आत्मिक सुधार होस् भनेर तिनको भलाइको लागि तिनलाई प्रसन्न राखौं। ३ किनकि ख्रीष्टले पनि आफैलाई प्रसन्न पार्नुभएन। जसो लेखिएको छ, "तपाईंलाई निन्दा गर्नेहरूको निन्दा ममाथि पऱ्यो।" ४ अघिअघि लेखिएका कुराहरू हाम्रो शिक्षाको निम्ति लेखिएका थिए, यस उद्देश्यले कि पवित्र-शास्त्रबाट आउने स्थिरता र उत्साहद्वारा हामी आशा प्राप्त गर्न सकौं। ५ स्थिरता र उत्साहका परमेश्वरले तिमीहरूलाई ख्रीष्ट येशूसँग एक भएर एक-अर्कासँग एक चित्तका भई जिउन देऊन्, ६ कि एकै मनका भएर एउटै सोरले हाम्रा प्रभु येशू ख्रीष्टका परमेश्वर र पिताको महिमा तिमीहरू गर्न सक।", एफिसी ४ः१-६ "१ यसकारण, म प्रभुको निम्ति एक कैदी, तिमीहरूलाई आग्रहपूर्वक बिन्ती गर्दछु, कि जुन बोलावटमा तिमीहरू बोलाइएका छौ त्यही योग्यको जीवन यापन गर। २ सारा दीनता, नम्रता र धैर्यसँग एउटाले अर्कालाई प्रेममा सहेर, ३ शान्तिको बन्धनमा पवित्र आत्माको एकता कायम राख्न प्रयत्न गर। ४ शरीर एउटै छ, र पवित्र आत्मा एउटै**

हुनुहुन्छ– जसरी तिमीहरू बोलाइँदा एउटै आशामा बोलाइएका थियौ, जुन आशा तिमीहरूको बोलावटसँग गाभिएको छ– ५ एउटै प्रभु, एउटै विश्वास र एउटै बप्तिस्मा, ६ हामी सबैका एउटै परमेश्वर र पिता, जो सबैमाथि, सबैका मध्य र सबैमा हुनुहुन्छ।", एफिसी ४:२५-३२ "२५ यसकारण झूट त्यागेर हरेकले आ-आफ्नो छिमेकीसँग सत्य बोल, किनकि हामी एउटै शरीरमा एक-अर्काका अङ्गहरू हौं। २६ क्रोध गर, तर पाप नगर। घाम अस्ताउन अघि नै तिमीहरूको रीस मरोस्, २७ र दियाबलसलाई मौका नदेओ। २८ चोर्नेले अब उसो नचोरोस्। बरु उसले परिश्रम गरोस्। उसले आफ्नो हातले ईमानदारीसाथ परिश्रम गरोस्, र खाँचोमा परेकाहरूलाई दिन सकोस्। २९ तिमीहरूका मुखबाट कुवाक्य ननिस्कोस्, तर समय सुहाउँदो र सुधार गर्ने मीठो वचन मात्र बोल्ने गर, जसबाट सुन्नेहरूलाई अनुग्रह मिलोस्। ३० अनि परमेश्वरका पवित्र आत्मालाई दुःखित नतुल्याओ, जसमा उद्धारका दिनको निम्ति तिमीहरू छाप लगाइएका छौ। ३१ सबै तीतोपना, क्रोध र रीस, होहल्ला र निन्दा, सबै किसिमका डाहसमेत तिमीहरूले त्यागिदेओ। ३२ जसरी परमेश्वरले ख्रीष्टमा तिमीहरूलाई क्षमा गर्नुभयो, त्यसरी नै एउटाले अर्कालाई क्षमा गरेर तिमीहरू एक-अर्काप्रति कोमल मनका र दयालु होओ।", १ थेस्सोलिनिकी ३:१२-१३ "१२ जसरी हामी तिमीहरूलाई प्रेम गर्दछौं त्यसरी नै प्रभुले तिमीहरूलाई एउटाले अर्कासँग र सबै मानिससँग प्रेममा बढ्ने र प्रशस्त भइरहने तुल्याऊन्, १३ यस हेतुले कि उहाँका सबै सन्तहरूका साथमा हाम्रा प्रभु येशू ख्रीष्टको पुनरागमन हुँदा उहाँले हाम्रा परमेश्वर पिताको सामुन्ने तिमीहरूका हृदय पवित्र र निष्खोट तुल्याई स्थिर गराऊन्।" र याकूब ५:१३-१६ "१३ के तिमीहरूमा कसैले कष्ट भोगिरहेछ? त्यसले प्रार्थना गरोस्। के कोही आनन्दित छ? त्यसले प्रशंसाको भजन गाओस्। १४ के तिमीहरूमध्ये कोही बिरामी छ? त्यसले मण्डलीका एल्डरहरूलाई बोलाओस्। तिनीहरूले प्रभुको नाउँमा त्यसलाई तेलले अभिषेक गरेर त्यसको निम्ति प्रार्थना गरून्, १५ र विश्वासको प्रार्थनाले बिरामीलाई बचाउनेछ, र प्रभुले त्यसलाई निको पार्नुहुनेछ, र यदि त्यसले पाप गरेको छ भने त्यसलाई क्षमा हुनेछ। १६ यसकारण तिमीहरू एउटाले अर्कासँग आफ्ना-आफ्ना पाप स्वीकार गर। तिमीहरू निको हुनलाई एउटाले अर्काको निम्ति प्रार्थना गर। धार्मिक मानिसको प्रार्थना शक्तिशाली र प्रभावशाली हुन्छ।"

स्पष्टरूपमा भन्ने हो भने हामीहरूमा हुनुपर्ने नीति एकदम सरल छ। यदि अरूलाई हामीहरूले राम्रोसँग, दया देखाएर र करूणा देखाएर चल्दछौं भने हामीहरूले तिनीहरूमाथि सकारात्मक प्रभाव पार्न सक्छौं। त्यो प्रभावले

तिनीहरूको जीवन पनि अत्यन्तै सकारात्मक मोडतिर परिवर्तन हुन सक्छ। प्रभु येशूको प्रभावले धेरै मानिसहरूको जीवन सकारात्मकरूपमा परिवर्तन भएको थियो। हामीहरूले पनि येशूको जस्तै कदम चालेर वा उहाँको नीति लिएर अरूको जीवन परिवर्तन गर्नसक्ने अवसरलाई के हामीले वेवास्ता गर्ने? यो पनि हामी नबिसौं कि हामीहरूले गर्ने प्रत्येक व्ववहार वा चाल्ने कदमले अरूमाथि असल वा खराब प्रभाव पार्न सक्दछ। यसबारे हामी नसोचौंला वा सतर्क नहौंला तर हामीहरूको चालामालाले अरूमाथि असल वा खराब प्रभाव पारिरहेको हुन्छ। विशेष गरेर हामीहरूको परिवारमा कसैले व्यक्त नगरेतापनि हामीहरूको व्यवहारले कुनै न कुनैरूपमा प्रभाव पारिरहेको हुन्छ।

**येशूले व्यक्त गर्नुभएको दुई भनाइलाई सोच्नुहोस्। हामीहरूहरूले सम्पर्क वा अन्तरक्रिया गर्दा हामीले किन सजग हुनुपर्छ भनेर ती भनाइहरूले कसरी देखाउँदछन्? लूका ११:३३-३६ "“कसैले बत्ती बालेर गुप्त स्थानमा अथवा भाँड़ामुनि राख्दैन, तर भित्र पस्नेहरू सबैले उज्यालो देखून् भनेर सामदानमा राख्तछ। ३४ तिम्रो शरीरको बत्ती तिम्रो आँखा हो। तिम्रो आँखा ठीक छ भने तिम्रो सारा शरीर उज्यालो हुन्छ, तर त्यो खराब छ भनेता तिम्रो शरीर पनि अँध्यारो हुन्छ। ३५ यसकारण होशियार होओ, तिमीमा भएको उज्यालो अँध्यारो नहोस्। ३६ यदि तिमीहरूको सम्पूर्ण शरीर उज्यालोले पूर्ण छ भने, तथा कुनै भाग अँध्यारो छैन भने, त्यो सम्पूर्ण उज्यालो हुन्छ, जसरी बत्तीको किरणले तिमीहरूलाई उज्यालो दिन्छ।” (याद गर्नुहोस्: हामीलाई बत्ती भनेर सम्बोधन गरिँदा हामीहरूको प्रभावलाई जनाउनसक्छ) र मर्कूस ४:२४,२५ "२४ उहाँले तिनीहरूलाई फेरि भन्नुभयो, “तिमीहरू जे सुन्छौ, त्यसमा ध्यान देओ। किनकि जुन नापले तिमीहरू दिन्छौ त्यही नापमा तिमीहरूले पाउँछौ। र तिमीहरूलाई झन् बढ़ी दिइनेछ। २५ किनभने जससँग छ त्यसलाई दिइनेछ, र जससँग छैन त्यससँग भएको पनि त्यसबाट खोसिनेछ।” (अर्थात् हामीहरूले अरूलाई गर्ने व्यवहारले हामीप्रति अरूले गर्ने व्यवहार भरपर्दछ)।**

## उपसंहारः

<u>थप जानकारी</u>: येशूसँगको उठबसले उहाँका चेलाहरूको स्वभावमा कसरी परिवर्तन आएको थियो सो सोच्नुहोस्। ती चेलाहरू प्रायजसो पढ्न लेख्न जाँदैनथे, तिनीहरू साधारण मानिसहरू थिए। यहूदी धर्मको परम्परा र त्यसको शिक्षादीक्षामा तिनीहरू हुर्केका थिए। तर अब गलिलीको रब्बी येशूले आफ्नो रहनसहन र शिक्षादीक्षाद्वारा तिनीहरूले अपनाएका परम्पराहरूलाई चुनौति

दिनुभएको थियो। तिनीहरूको बीचमा डाहा र ईर्ष्या थियो (मत्ती २०:२०-२४), तिनीहरूको बीचमा द्वन्द्व थियो (यूहन्ना ३:२५), तिनीहरूमा विश्वासको कमी थियो (मर्कूस ९:२८,२९), तिनीहरूलाई आपतपरेको बेलामा येशूलाई चटक्कै छोडेर भागेका थिए (मत्ती २६:५६) र त्यतिमात्र नभएर एक जना खुब इसाई हुँ भनाउँदा चेलाले त उनलाई गद्दारी पनि गरेको थियो वा धोका दिएको थियो (मत्ती २६:६९-७४)। तर त्यसैबखत तिनीहरू आत्मिकरूपमा हुर्कन्दै थिए। पछि गएर तिनीहरूको व्यवहारले तिनीहरू येशूसँग रहेका थिए भनेर मानिसहरूले महसुस गरे। कुनै पनि स्कूलमा नपढेको वा तालिम नपाएका र अशिक्षित पत्रुस र यूहन्नाको सुरोपना देखेर यहूदी धर्मको परिषद् सानहिद्रिनका सदस्यहरूले अचम्म मानेका थिए। "तिनीहरू येशूसँग थिए भनेर तिनीहरूले महसुस गरे" (प्रेरित ४:१३ रूपान्तरित)।

यदि हामी पनि येशूसँग रहेको आभास् हामीहरूका परिवार वा अरूलाई दिन सकेमा हामीहरूले पनि विश्वासै गर्न नसकिने गरेर तिनीहरूलाई सकारात्मक प्रभाव पार्न सक्थ्यौं होला। यस बारे गहिरिएर सोच्नुहोस्।

एलेन जी ह्वाइटले व्यक्त गर्नुभएको देहायका शब्दहरूले हामीहरूको परिवारमा कस्तो प्रभाव पार्न सक्थ्यो होला सोच्नुहोस्? "घर साधारण र सादा होला तर घर सधैं हँसिला बोलीहरू बोल्ने, दयामायाका कामहरू गर्ने, जहाँ शिष्ट व्यवहार र प्रेम पाहुनाहरू जस्तो भएर बस्ने थलो हुनसक्छ।"-*एडभेन्टिस्ट होम,* पृ. १८बाट रूपान्तरित।

**चिन्तनमननः**

अ) **उपदेशक ३:१-८ फेरि पढ्नुहोस्। ती पदहरूले के भनिरहेकाछन्? तपाईंको आफ्नै जीवनमा र अनुभवमा त्यहाँ लेखिएका पदहरूलाई कसरी व्यवहारमा उतार्न सक्नुहुन्छ? "१ सबै कुराका लागि समय छ, र आकाशमुनि सबै कार्यकलापको बेला छः २ जन्मने एउटा समय छ, र मर्ने एउटा समय। रोप्ने एउटा समय छ, र उखेल्ने एउटा समय। ३ मार्ने एउटा समय छ, र निको पार्ने एउटा समय। भत्काउने एउटा समय छ, र बनाउने एउटा समय। ४ रुने एउटा समय छ, र हाँस्ने एउटा समय। शोक गर्ने एउटा समय छ, र नाच्ने एउटा समय। ५ ढुङ्गा छर्ने एउटा समय छ, र ती बटुल्ने एउटा समय। अँगाल्ने एउटा समय छ, र**

अलग रहने एउटा समय। ६ खोज्ने एउटा समय छ, र छोड़िदिने एउटा समय। राख्ने एउटा समय छ, र फाल्ने एउटा समय। ७ च्यात्ने एउटा समय छ, र मरम्मत गर्ने एउटा समय। चूप लाग्ने एउटा समय छ, र बोल्ने एउटा समय। ८ प्रेम गर्ने एउटा समय छ, र घृणा गर्ने एउटा समय। युद्ध गर्ने एउटा समय छ, र मेलमिलाप गर्ने एउटा समय।"

आ) तपाईंको आफ्नै जीवन परिवर्तनको अनुभवको बारेमा सोच्नुहोस्। तपाईंले के सिक्नुभयो वा सिक्नुपर्ने थियो तर सिक्नुभएन? तपाईंलाई थाहा नभएको कुराहरूबाट तपाईंले के पाठ सिक्नुभयो? तपाईंको परिवर्तित जीवनको अनुभवहरूले तपाईंको परिवारलाई कसरी असर पारेको थियो? ती परिस्थितिहरूबाट तपाईंले के पाठ सिक्नुभयो?

इ) यदि येशू ख्रीष्ट तपाईंको जीवनमा नआउनुभएको भए तपाईंको जीवन कस्तो हुनेथियो होला? येशू ख्रीष्टको शक्ति केवल दुई हजार वर्ष अघिमात्र नभएर अहिले पनि त्यत्तिक्कै प्रभावकारी छ भनेर तपाईंको आफ्नै जीवनले कसरी बताउँछ?

# कथा १
## बाइबल बोक्ने सहरियाहरू
## अलेहान्ड्रो गोनजालस् क्युरार, ५२पेरू

जब अलेहान्ड्रो १८ वर्षको भयो तब ऊ एक कक्षामा भर्ना भयो। कतिले १८ वर्षको उमेरमा उसले स्कूल सुरुगरेछ पनि भने। सन् १९८०मा पेरुको काकोलो गाउँमा रहेको स्कूलमा जान थालेको थियो। त्यहाँका गाउँलेहरूले आफ्ना छोराछोरीहरूलाई पढाउनु भन्दा खेतबारीमा काम गराउनु महत्त्वपूर्ण ठानेका थिए।

एक दिन अलेहान्ड्रोको स्कूलको साथीले एउटा रेडियो ल्यायो। त्यसमा उसले संसारको अन्तको समयमा के हुनेछ भनेर सुनाउने आत्मिक कार्यक्रम बजिरहेको थियो। त्यो कार्यक्रम सुनेर उसको मनमा खुलदुली भयो र फेरि सुन्ने बिचार गऱ्यो।

एक दिन रेडियो कार्यक्रम चलाउने गर्ने सुसमाचार प्रचारकले अलेहान्ड्रोको स्कूलको रङ्गशालामा बेलुका सुसमाचार प्रचार कार्यक्रम आयोजना गरे जहाँ बाइबलसम्बन्धी थप ज्ञान पाउने उसको धोको पुरो भएको थियो। जब प्रचारकले येशूको आगमन चाँडै हुनेछ भनेर बतायो तब उसको हृदय खुशीले गदगद भयो।

गाउँका अरू मानिसहरूले पनि सुसमाचार सुनेर रमाइलो मानेका थिए। कार्यक्रम आयोजकहरूले तिनीहरूको निम्ति त्यहाँ एउटा चर्च स्थापना गरिदिए। जब जब खेतबारीको कामबाट फुर्सद हुन्थ्यो तब-तब अलेहान्ड्रोर र उसका साथीहरू आइतबार चर्चमा जान्थे।

चर्चका चार जना अगुवाहरूले गाउँका मानिसहरूले बाइबल सिक्ने ठूलो चासो देखाएको देखे। गाउँका सबैलाई बाइबल दिने निर्णय ती अगुवाहरूले गरे। ती अगुवाहरूले नजिकैको कस्को (ठाउँको नाउँ) गाउँमा एक घन्टा लगाएर बाइबल किन्न खोजे। तर त्यहाँ बाइबल बेच्ने कुनै पनि पसल भेट्टाएनन्।

बाइबल किन्न नपाएकोमा ती चार जना अगुवाहरू हतास र निराश भएका थिए। एकदिन बिहान कस्कोको ढुङ्गेनी बाटोमा मानिसहरूको लस्कर एउटा भवनमा गइरहेको देखे। तिनीहरू सबैको हातमा बाइबल थियो। त्यो भवन सहरको बाइबल बेच्ने ठूलो पसल रहेछ भनेर ती अगुवाहरू पनि

तिनीहरूको पछि लागे। त्यो सेभेन्थे-डे एडभेन्टिस्ट चर्च रहेछ। मानिसहरू साबथ स्कूलमा जाँदै थिए।

ती अगुवाहरू साबथ स्कूल कार्यक्रममा बसे र चर्चको सेवाकार्यक्रममा पनि भाग लिए। तिनीहरूलाई मिलिजुली खाना खान निम्त्याइयो र त्यसपछि चर्चका मानिसहरूसँग दिउँसो बाइबल अध्ययन गर्न आग्रह गरियो। ती मानिसहरू बाइबल अध्ययन गर्न पाउँदा धेरै खुशी भए। जब बाइबल अध्ययन गरेर फर्के ती मानिसहरूले भने "ए, हामीले संसारको अन्त्यको बारेमा समाचार त केवल आधामात्र जानेका रहेछौं। ती मानिसहरूलाई त सबै कथा थाहा रहेछ।"

त्यसैबेला ती मानिसहरूले एडभेन्टिस्ट हुने निर्णय गरे। तिनीहरूले गाउँका मानिसहरूलाई बाइबलले देखाएको सबै कथा सुनाउन एडभेन्टिस्ट पास्टरसँग अनुरोध गरे। तिनीहरूसँग चर्चका अन्य दुई जना मानिसहरू गाउँमा गए र अर्को दिन अर्थात् आइतबार तिनीहरूको चर्चमा प्रचार गरे।

अलेहान्ड्रोत्यस आइतबार चर्चमा जान सकेन किनकि त्यो दिन ऊ खेतबारीमा काम गर्दैथियो। तर उसको साथीले उसलाई अर्को आइतबार चर्च नजानु भन्यो। चर्च त सेभेन्थ-डे एडभेन्टिस्ट भयो र अर्को शनिबारमात्र सेवाकार्य हुन्छ।

अलेहान्ड्रो के भएछ भनेर शनिबार चर्चमा गयो। उसले सुनेको नयाँ सत्यप्रति उसलाई विश्वास लाग्यो। अदनको बगैंचामा परमेश्वरले दिनुभएको निर्देशन र सातौं दिन साबथ मान्नुभनेको चौंथो आज्ञाप्रति उसको विश्वास जाग्यो र उपनि सेभेन्थ-डे एडभेन्टिस्ट भयो।

१९ वर्ष भएको अलेहान्द्रोले स्कूल नजाने निधो गऱ्यो र पूरा समय खेतबारीमा नै काम गर्न थाल्यो। उसले भेटेजति सबैलाई येशूको आगमन चाँडै हुँदैछ भनेर सुनाउन थाल्यो। उसको कामले अत्यन्तै राम्रो नतिजा ल्यायो। अलेहान्ड्रो पुड्को थियो र धेरै पढ्न लेख्न जाँदैनथ्यो। उसले ३० वर्षभित्रमै ६वटा चर्चहरू स्थापना गऱ्यो। सन् १९८५मा उसको बप्तिस्मा भएको केही समयमै उसले एउटा पहिलो चर्च स्थापना गऱ्यो। अनि प्रत्येक तिनदेखि पाँच वर्षमा उसले एउटा चर्च स्थापना गर्‍यो। उसले स्थापना गरेको चर्चमा ऊ जान कहिलेकाहीँ पाँच घन्टासम्म हिंड्थ्यो। उसको सक्रियता र प्रभावमा ८०० जना भन्दा बेसी मानिसहरूले प्रभुलाई विश्वास गरे र बप्तिस्मा लिए।

अलेहान्ड्रो अहिले ५२ वर्षको भएको छ। उसको गवाहीले मानिसहरूले परमेश्वरलाई विश्वास गर्न पुगेकाले ऊ परमेश्वरको प्रशंसा गर्दछ। कस्को भन्ने सहरमा एक साबथ बिहान बाइबल बोकेर जाने एडभेन्टिस्टहरूप्रति आफ्नो आभार व्यक्त गर्दछ।

"जब हामी चर्च जान्छौं तब बाइबल बोकेर चर्च जानु धेरै असल कुरा हो किनभने त्यसले गर्दा हामीहरू इसाई हौं भनेर अरू मानिसहरूले देख्दछन्। यदि कस्को भन्ने सहरका सेभेन्थ-डे एडभेन्टिस्टहरूले बाइबल बोकेर चर्च नगएको भए मेरो गाउँका मानिसहरूले सत्य चर्चको बारेमा कहिल्यै थाहा पाउने थिएन" उसले खुशी व्यक्त गर्दै भन्यो।

उसको गाउँमा ५०० जना मानिसहरू छन्। त्यहाँ प्रायजसो एडेन्टिस्टहरू छन्। ३०० जना बप्तिस्मा लिएका एडभेन्टिस्टहरू छन्।

यस त्रैमासिक भेटीको केही भाग कस्को भन्ने सहरमा सामुदायिक भवनको निम्ति प्रयोग गरिनेछ। त्यहाँ अङ्ग्रेजी कक्षाहरू, सङ्गीत कक्षाहरू र बालबालिका र युवाहरूको निन्ति अतिरिक्त क्रियाकलापहरू संचालन गरिनेछ। नयाँ चर्च स्थापना गर्ने त्यस भवनको उद्देश्य हो।

-लेखक, आन्द्र्ये मेकचेस्ने।